काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २९१ ❐ आइतवार, १७ साउन, २०८३ ❐ Sunday, 2 Aug 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

अब घरमै पुग्नेछ सवारी चालक अनुमतिपत्र लाइसेन्स

सुर्खेत, जुम्ला र रुकुम (पश्चिम भाग) चौरजहारीका यातायात कार्यालयहरुबाट सेवा सुरु, बिचौलियाको प्रभाव घट्ने, ओझेलमा परेको हुलाक सेवा पुनर्जागरण हुने

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १६ साउन

भौगोलिक विकटताका कारण सामान्य सरकारी सेवा लिन पनि ठुलो सास्ती भोग्नुपर्ने कर्णालीका नागरिकहरूका लागि एउटा राहतको खबर आएको छ। कर्णाली प्रदेशका नागरिकहरूले अब सवारी चालक अनुमतिपत्र (ड्राइभिङ लाइसेन्स) प्राप्त गर्नका लागि घण्टौं पैदल हिँडेर वा गाडी भाडा खर्चेर सदरमुकाम तथा यातायात कार्यालयसम्म धाउनुपर्ने बाध्यताको अन्त्य हुने भएको छ। कर्णाली प्रदेश सरकार भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय सुर्खेत र हुलाक निर्देशनालय सुर्खेतबिच सेवाग्राहीको घरदैलोमै सवारी चालक अनुमतिपत्र पुऱ्याउने सम्बन्धी ऐतिहासिक द्विपक्षीय समझदारीपत्रमा हस्ताक्षर गरिएको छ।

नेपाल सरकार मन्त्रिपरिषदको २०८२ चैत १३ गतेको बैठकले 'शासकीय सुधार' सम्बन्धी दूरगामी महत्त्वका विभिन्न निर्णयहरू स्वीकृत गरेको थियो। उक्त शासकीय सुधार प्रतिवेदनको बुँदा नम्बर २७ मा सरकारी सेवाहरूलाई जनताको घरदैलोमै सहजरूपमा उपलब्ध गराउने उद्देश्य राखिएको छ। सोही नीति अनुरूप परम्परागत चिट्ठीपत्र आदानप्रदानमा मात्र सीमित बन्दै गएको हुलाक सेवालाई आधुनिकीकरण गरी चुस्त, प्रविधिमैत्री र भरपर्दो सरकारी कुरियर सेवाको रूपमा विकास गर्ने रणनीति तय गरिएको छ। सोही नीतिगत व्यवस्थालाई

बाँकी पृष्ठ २



सम्झौतासँगै कार्यान्वयन पनि

यो द्विपक्षीय समझदारीपत्र १५ साउनदेखि नै पूर्ण रूपमा लागू भइसकेको छ। सम्झौता पत्रमा मन्त्रालयका तर्फबाट प्रदेश सचिव अर्जुनकुमार बम र हुलाक निर्देशनालयका तर्फबाट हुलाक निर्देशक गोविन्द प्रसाद पाण्डेले हस्ताक्षर गरेका छन्।

उक्त हस्ताक्षर कार्यक्रममा मन्त्रालयका प्रमुख लेखा अधिकृत प्रविण सारु मगर र हुलाक निर्देशनालयकी शाखा अधिकृत सुनिता कुमारी खत्री समेतको उपस्थिति रहेको थिए।

कार्यविधि तथा वितरण प्रक्रिया अपनाइने

घरदैलोमा लाइसेन्स पुऱ्याउने प्रक्रियालाई पारदर्शी, सुरक्षित र व्यवस्थित बनाउन विशेष कार्यविधि अपनाइने भएको छ।

यातायात कार्यालयबाट परीक्षा उत्तीर्ण गरी वा नवीकरण भई लाइसेन्स प्राप्त गर्न बाँकी रहेका सेवाग्राहीहरूले सर्वप्रथम घरैमा लाइसेन्स मगाउनका लागि एउटा मञ्जुरी फाराम भर्नुपर्नेछ।

मञ्जुरी फाराम भरेका व्यक्तिहरूको नाम पूरा ठेगाना र सम्पर्क नम्बर स्पष्ट रूपमा उल्लेख गरी लाइसेन्सलाई सुरक्षित खामभित्र सिल (खामबन्दी) गरिनेछ। त्यसपछि उक्त खामबन्दी सम्बन्धित हुलाक कार्यालयलाई हस्तान्तरण गरिनेछ।

हुलाक निर्देशनालय सुर्खेतका शाखा अधिकृत सुनिता खत्रिका अनुसार यातायात कार्यालयबाट प्राप्त भएका खामबन्दी लाइसेन्सहरूलाई हुलाकका कर्मचारीहरूले बुझिलिई पूर्ण सुरक्षाका साथ ढुवानी गरेर सम्बन्धित सेवाग्राहीको घरसम्म पुऱ्याउनेछन्।

यदि विशेष वा अप्रत्याशित कारणवश जस्तैः सेवाग्राही सम्पर्कमा नआएमा वा ठेगाना स्पष्ट नभएमा लाइसेन्स वितरण हुन नसकेमा उक्त लाइसेन्सलाई सुरक्षित साथ पुनः सम्बन्धित यातायात कार्यालयमै फिर्ता पठाउने व्यवस्था मिलाइएको छ।

प्रशासनिक सेवा प्रवाह गर्ने लक्ष्य

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय कर्णाली प्रदेशका प्रदेश सचिव अर्जुनकुमार बमका प्रदेश सरकारले जनतालाई केन्द्रबिन्दुमा राखेर प्रशासनिक सेवा प्रवाह गर्ने लक्ष्य अनुसार यो कदम चालिएको बताए प्रदेश सरकार अन्तर्गतका सुर्खेत, जुम्ला र रुकुम पश्चिमका तीनवटा यातायात कार्यालयहरूबाट वितरण हुने सवारी चालक अनुमतिपत्र अब नागरिकको घरघरमै पुऱ्याउने गरी हुलाक निर्देशनालयसँग सम्झौता गरेका छौं। प्रदेश सचिव बमले भने, दूरदराजबाट लाइसेन्स लिन आउँदा नागरिकको घण्टौं समय खर्च हुने, लामो दूरी हिँड्नुपर्ने वा गाडी भाडा र होटल बसाइ गरी १० देखि २० हजार रुपैयाँसम्म अनावश्यक खर्च हुने अवस्था थियो। अब घरमै लाइसेन्स पुग्दा मात्र ४० रुपैयाँ लाग्ने भएकाले जनतालाई ठुलो आर्थिक राहत पुग्नेछ र यातायात सेवा प्रवाहमा खुसी ल्याउनेछ।

यसैगरी हुलाक निर्देशनालय सुर्खेतका निर्देशक गोविन्द प्रसाद पाण्डेले प्राप्त भएका लाइसेन्सहरूलाई पूर्ण सुरक्षाका साथ द्रुत गतिमा सेवाग्राहीको हातमा पुऱ्याउन हुलाक संयन्त्र तयार रहेको र कुनै समस्या आए सुरक्षित रूपमा फिर्ता गर्ने प्रक्रियासमेत तय भइसकेको जानकारी दिए।

'नेतृत्वले चासो नदेखाएपछि भेला राख्न बाध्य भयौं'



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १६ साउन

नेपाली कांग्रेसको संस्थापन इतर पक्षले पार्टी नेतृत्वले एकताको पहल नगरेपछि राष्ट्रिय भेला गर्न बाध्य भएको जनाएको छ।

शनिवार सम्पर्क कार्यालय चुनदेवीमा पत्रकार सम्मेलन गरेर नेता शशांक कोइरालाले पार्टी एकताको आफूहरूले अनवरत प्रयास गर्दा पनि असफल भएको बताए।

भेला आयोजक समितिका संयोजक समेत रहेका नेता कोइरालाले भने, ' पार्टीभित्र सम्पूर्ण एकताका लागि अनवरत प्रयास, धैर्यता र पहल गर्दागर्दै पनि पदीय जिम्मेवारीमा रहेका साथीहरूबाट सार्थक भूमिका नदेखिएपछि पार्टीका नेता, कार्यकर्ता, जनप्रतिनिधि एवं शुभचिन्तकहरूमा देखिएको चिन्ता र निराशालाई सम्बोधन गर्न राष्ट्रिय भेला आयोजना गर्न हामी बाध्य भएका छौं।'

पार्टीभित्रको वर्तमान अवस्था मुलुकमा देखिएको राजनीतिक, आर्थिक, सामाजिक तथा धर्म-सांस्कृतिक लगायतका नागरिक जीवनसँग जोडिएको विविध गम्भीर सवालहरूमा गहन छलफल गरी देखिएका हरेक चुनौतीमा सामना गर्न सक्ने वैचारिक, नीतिगत एवं सङ्गठनात्मक दृष्टिले नयाँ र स्पष्ट कार्यदिशासहित भेलाले तय गर्ने उनको भनाइ छ।

ग्यासको अभाव नरहेको जनाउँदै आयल निगमले भन्यो-

नपाएको अवस्थामा सम्पर्क गर्नुहोस्

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १६ साउन

नेपाल आयल निगमले बजारमा एलपी ग्यासको आपूर्ति नियमित रहेको भन्दै अभाव भएको भन्ने हल्लाप्रति आफ्नो ध्यानाकर्षण भएको जनाएको छ। निगमले उपभोक्तालाई आवश्यकताअनुसार मात्र ग्यास खरिद गर्न तथा अनावश्यक भण्डारण नगर्न आग्रह गरेको छ।

३१ असार २०२८३ को निर्णयअनुसार १४.२ केजी क्षमताको ग्यास सिलिन्डरको बिक्री-वितरण व्यवस्था लागू गरिएको उल्लेख गर्दै दैनिक मागअनुसार ग्यास आपूर्ति भइरहेको जनाएको निगमले जनाएको छ। यद्यपि, विभिन्न सञ्चार माध्यममा



ग्यास अभाव भएको समाचार आएपछि निगमले आफ्नो धारणा सार्वजनिक गरेको हो।

निगमका अनुसार १४.२ केजी ग्यास सिलिन्डरको बिक्री-वितरण सुरु भएपछि केही स्थानमा ग्यास अभाव भएको गुनासो प्राप्त भएको छ। त्यसैले सम्पूर्ण ग्यास उद्योगलाई बजारमा सहज आपूर्तिको व्यवस्था मिलाउन तथा विक्रेतालाई घरायसी उपभोक्तालाई प्राथमिकतामा राखेर खरिदकर्ताको नाम, ठेगाना र सम्पर्क नम्बरको अभिलेख राखी व्यवस्थित रूपमा बिक्री-वितरण गर्न अनुरोध गरिएको छ।

काठमाडौं उपत्यकामा केही ग्यास उद्योगको उच्च मागलाई ध्यानमा राख्दै निगमले १६ साउनदेखि टेकुस्थित आफ्नो कार्यालयबाट पनि नेपाल ग्यास, एचपी ग्यास, एभरेस्ट ग्यास, सुगम ग्यास र श्रीराम ग्यासका सिलिन्डर सम्बन्धित उद्योगमार्फत बिहान ११ बजेदेखि साँझ ५ बजेसम्म बिक्री-वितरण गर्ने व्यवस्था मिलाएको जनाएको छ।

निगमले ग्यास नपाएको अवस्थामा कार्यालय समयभित्र हटलाइन नम्बर ०१-५९७१९०२ मा सम्पर्क गर्न उपभोक्तालाई आग्रह गरेको छ। निगमले एलपी ग्यासको आयात तथा बिक्री-वितरण नियमित रूपमा भइरहेको र आगामी दिनमा पनि निरन्तर रहने जनाउँदै आवश्यकताभन्दा बढी ग्यास सञ्चय नगर्न सबै उपभोक्तासँग अनुरोध गरेको छ।

इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

लापरवाही गर्नेलाई कडा कदम चालियोस्

अप्ठ्यारो भौगोलिक बनावट, साँघुरा घुम्ती, जीर्ण सडक र त्यसमाथि सवारी चालकको चरम लापरवाहीले कर्णालीका सडकहरू दिनप्रतिदिन भयावह र जोखिमयुक्त बन्दै गएका छन् । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सुर्खेतको तथ्यांक अनुसार कर्णालीमा हुने ६० प्रतिशतभन्दा बढी सवारी दुर्घटनाको एउटै मुख्य कारण हो, 'तीव्र गति' । तीव्र गतिका कारण हुने दुर्घटना अघिल्लो वर्ष ६ सय ४४ रहेकोमा पछिल्लो वर्ष बढेर ७ सय ७१ पुगेको छ । सवारी साधन दर्तामा १६ प्रतिशतले वृद्धि हुनु र सोही अनुसार गति नियन्त्रणका प्रभावकारी उपायहरू अवलम्बन गर्न नसकिनुले दुर्घटनालाई थप बल पुऱ्याएको छ ।

अझ चिन्ताजनक कुरा त के छ भने, देश र समाज निर्माणका मेरुदण्ड मानिने सक्रिय र उत्पादनशील युवा जनशक्ति नै यसको मुख्य सिकार बनिरहेका छन् । कुल दुर्घटनाको ४४ प्रतिशत हिस्सा २६ देखि ४० वर्ष उमेर समूहका चालकहरूबाट हुनुले युवा पुस्तामा देखिने अस्वाभाविक गति मोह, लापरवाहीपूर्वक ओभरटेक गर्ने होड, मादक तथा लागूऔषध सेवन गरेर सवारी हाँक्ने र सडक अनुशासन उल्लङ्घन गर्ने प्रवृत्तिलाई स्पष्ट पार्छ । यसैगरी, कुल दुर्घटनामा ४७ प्रतिशत हिस्सा मोटरसाइकल र स्कुटरको हुनुले दुईपाङ्ग्रे सवारी चालकहरूमा सुरक्षा चेतना र दायित्वबोधको भारी कमी रहेको देखाउँछ ।

दुर्घटना लगत्तैको द्रुत उद्धार र उपचारका कारण अघिल्लो वर्षको तुलनामा मृत्युदरमा ३ प्रतिशतले कमी आई ज्यान गुमाउनेको संख्या १३९ बाट १२५ मा झर्नु पक्कै पनि केही सकारात्मक पक्ष हो । तर घाइते हुनेहरूको संख्या १ हजार ९७ पुग्नुले दीर्घकालीन अङ्गभङ्ग र मानसिक-सामाजिक क्षतिलाई उत्तिकै बढाएको छ । अकालमा ज्यान गुमाउने र अङ्गभङ्ग हुने प्रत्येक व्यक्तिको पछाडि एउटा पूरै परिवारको भविष्य जोडिएको हुन्छ । त्यसैले दुर्घटना घटेपछि उद्धार गर्नुभन्दा दुर्घटना हुनै नदिने पूर्वतयारी र नियन्त्रणतर्फ लाग्नु नै बुद्धिमानी हुन्छ ।

सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले गर्ने परम्परागत चेतनामूलक र नियन्त्रणमुखी प्रयासहरू मात्र अब पर्याप्त देखिएका छैनन् । अब कर्णालीका सडकमा गति नियन्त्रणका लागि प्रविधिको प्रयोग (जस्तैः राडार गन, सिसीक्यामेरा), कडाइका साथ टाइम कार्ड लागू गर्ने व्यवस्था, साँघुरा र जोखिमयुक्त घुम्तीहरूमा सडक सुधार तथा 'क्यास ब्यारियर' निर्माण गर्ने कार्यलाई प्राथमिकता दिनुपर्छ । साथै लापरवाहीपूर्वक सवारी चलाउने, क्षमताभन्दा बढी यात्रु बोक्ने र नशालु पदार्थ सेवन गरेर सवारी हाँक्नेहरूमाथि कानुनी डन्डा कडा पारिनुपर्छ । सडक सुरक्षा कुनै एउटा निकायको मात्र जिम्मेवारी होइन । जबसम्म सवारी चालक स्वयंमा सडक अनुशासन र संयमताको बोध हुँदैन, तबसम्म दुर्घटनाको ग्राफ घट्न सक्दैन । प्रदेश सरकार, सडक विभाग, ट्राफिक प्रहरी र सवारी चालक सबैले आ-आफ्नो ठाउँबाट गम्भीर भएर लाग्ने बेला आएको छ । कर्णालीका सडकलाई 'मृत्युमार्ग' बन्नबाट रोक्न ढिला भइसकेको छ, तीव्र गति र लापरवाहीविरुद्ध बेलैमा कडा कदम चालियोस् ।

बदलिँदो कक्षाकोठाको नयाँ दृष्टि



✍ मेदिनबहादुर लामिछाने

दुई वटा व्यावहारिक घटनाबाट प्रसङ्ग अघि बढाउँछु । पहिलो प्रसङ्ग, मीनपचासको छुट्टीको बेला थियो । विद्यालयहरूले छुट्टीमा 'विन्टर क्याम्प' चलाउँथे त्यही मेसोमा एक दिन विद्यालयमा शिक्षकले एक जना विद्यार्थीलाई गणित विषयको कुनै समस्या हल गर्न सिकाउँदै थिए । उनले चार-पाँच पटक कोसिस गरे तर विद्यार्थीले सिक्न सकेनन् ।

यो दृश्य अलि परबाट मैले हेरिरहेको थिएँ । यो सबै देखेपछि मैले ती शिक्षकलाई भनैं, 'यो कुरा मलाई सिकाउनू, म नानीलाई सिकाउँछु ।' उनले मलाई सिकाए, त्यसपछि मैले त्यो समस्या समाधान गर्ने तरिका ती विद्यार्थीलाई सिकाएँ । उनले एकै पटकमा हल गर्ने तरिका सिकिन् ।

दोस्रो प्रसङ्ग, एउटा प्राथमिक कक्षाको विद्यार्थीले किताबको पाठ देखाउँदै भने, 'सर, यो पाठमा एउटा वाक्य गलत छ ।' मैले किताबको गलत वाक्य देखाउन भनैं, उनले देखाए । वाक्य यस्तो थियो, 'पानी पर्नमा बोटबिरुवाको ठूलो हात हुन्छ ।' मैले उनलाई सोधैं, 'यो किन गलत छ ?' उनले विश्वस्त स्वरमा भने, 'सर, बोटबिरुवाको ठूलो 'हात' होइन, 'पात' हुन्छ । गल्तीले 'हात' लेखिएछ ।' यदि मैले होइन, यो ठीक छ भनेको भए उनको सिकाइ रोकिन्थ्यो । माथिका दुवै उदाहरणहरूले के देखाउँछ भने सिकाइमा सञ्चारको भूमिका महत्त्वपूर्ण छ । कक्षाकोठामा सिकाइ तब शक्तिशाली हुन्छ, जब सञ्चार डर होइन, संवाद बन्छ ।

दक्ष सञ्चारकर्मी तथा अध्यापन कार्यमा लामो समयदेखि क्रियाशील सञ्चारशास्त्री डा. रघु मैनालीद्वारा लिखित 'सञ्चारशील कक्षाकोठा : रूपान्तरणकारी पठनपाठनको आधारशिला' नामक पुस्तकले आधुनिक शिक्षण-सिकाइको निरन्तर परिवर्तनशील यात्रामा कक्षाकोठालाई केवल ज्ञान निर्माण गर्ने, सीप सिक्ने र अवधारणा विकास गर्ने थलो मात्र नभई सिकाइमा संवाद, अन्तरक्रिया र सहभागिता हुने सक्रिय समुदायको रूपमा पुनर्परिभाषित गरेको छ ।

यो पुस्तक सञ्चारशील कक्षाकोठाले कक्षा सञ्चालनको पारम्परिक संरचनालाई चुनौती दिँदै शिक्षक र विद्यार्थी बीचको अर्थपूर्ण अन्तरक्रियाले कसरी सिकाइलाई जीवन्त, सान्दर्भिक र प्रभावकारी बनाउन सक्छ भनेर गहिरो तर सरल ढङ्गले व्याख्या र विश्लेषण गरेको छ । यस पुस्तक मार्फत प्रस्तुत विधि, दृष्टिकोण र उदाहरणहरूले आजका शिक्षकहरूलाई आफ्नो कक्षालाई अझै सक्षम, समावेशी र प्रेरणादायी थलोको रूपमा रूपान्तरण गर्न महत्त्वपूर्ण आधार प्रदान गर्छ ।

यो पुस्तकले सिकाइलाई संवादमा रूपान्तरण गर्ने यात्रा सिर्जना गर्छ । कक्षा ज्ञान सुनाउने ठाउँ होइन, अर्थ निर्माण गर्ने समुदाय बन्नुपर्छ । शिक्षक सूचना दिने व्यक्ति होइन, संवादका सहजकर्ता हुनुपर्छ । सिकाइ एकतर्फी होइन, सहभागितामूलक र सान्दर्भिक हुनुपर्छ । सञ्चारशील कक्षाकोठा भनेको संरचना परिवर्तन होइन, सोच परिवर्तन हो, जहाँ सिकाइ संवादमा रूपान्तरण हुन्छ ।

यस सञ्चारशील कक्षाकोठा पुस्तकको पहिलो अध्यायले कक्षाकोठामा सञ्चारलाई प्रभावकारी शिक्षणको आधारस्तम्भको रूपमा प्रस्तुत गरेको छ । हामी शिक्षकहरूमा सञ्चारका बारेमा एउटै सोच र समझ छैन । के भयो भने सञ्चार हुन्छ ? भन्ने बोध नभएकैले हामीले सिकाइमा सञ्चारको सही प्रयोग गर्न सकिरहेका छैनौं । शिक्षकले केवल सूचना, तथ्य, जानकारी, परिभाषा हस्तान्तरण गर्ने होइन ।

शिक्षकको काम विद्यार्थीको सोच, अनुभव र व्याख्यालाई समेटेर ज्ञान निर्माण, सीप सिकाइ र अवधारणाको विकास गर्दै विद्यार्थीमा रचनात्मक चिन्तन र महत्त्वपूर्ण सोच विकास गराउने वातावरण निर्माण गर्नु हो । यस्तो वातावरण निर्माणमा सञ्चारको भूमिका अपरिहार्य हुन्छ । जब शिक्षकले भाषिक, सांस्कृतिक र सम्बन्धगत पक्षलाई संवेदनशीलतापूर्वक प्रयोग गर्छन्, तब सिकाइ स्पष्ट, समावेशी र द्विपक्षीय बन्छ, जसले कक्षाकोठालाई अर्थपूर्ण संवादको केन्द्रमा रूपान्तरण गर्छ ।

कक्षामा प्रायः हुने सञ्चारजन्य त्रुटिहरू, जस्तै अस्पष्ट सन्देश, अनुमानमा आधारित बुझाइ वा गलत सांस्कृतिक व्याख्याजस्ता विषयलाई पनि यो अध्यायमा समेटिएको छ । यी सबै तत्त्वहरूको समझ शिक्षकका लागि अति आवश्यक हुन्छ किनकि प्रभावकारी सञ्चारले मात्र विद्यार्थीलाई सुन्ने, बुझ्ने र सिकाइ क्रियाकलापमा सङ्लग्न गराउने वातावरण सिर्जना गर्न सक्छ ।

दोस्रो अध्यायले कक्षाकोठामा सञ्चार वास्तवमा कसरी बन्छ, बग्छ, र अर्थ निर्माण गर्छ भन्ने मौलिक पक्षलाई प्रस्ट रूपमा उद्घाटन गर्छ । यस अध्यायमा 'सञ्चार' केवल बोल्ने-सुनिने क्रिया होइन, सन्दर्भ, माध्यम, वातावरण र सम्बन्धले आकार दिएको एक जटिल तर रोचक प्रक्रिया हो भन्ने कुरा शिक्षकलाई अनुभूत गराउँछ ।

कक्षामा प्रयोग हुने भाषा, शिक्षकको सन्देश, विद्यार्थीको प्रतिक्रिया, भौतिक व्यवस्था वा डिजिटल प्लेटफर्म, सबै मिलेर सिकाइको गुणस्तर निर्धारण गर्छन् । यिनै विविध पक्षलाई सहज र जीवन्त उदाहरण सहित प्रस्तुत गरिएकाले यो अध्याय पढ्दा शिक्षकले आफ्नो दैनिक अभ्यास पुनर्विचार गर्न प्रेरित गर्छ । कक्षामा स्पष्ट, संवेदनशील र सन्दर्भानुकूल सञ्चारले कसरी सिकाइ वातावरण परिवर्तन गर्न सक्छ भन्ने बुझ्न प्रत्येक शिक्षकका लागि यो अत्यन्त उपयोगी सामग्री रहेको छ ।

यस पुस्तकको तेस्रो अध्यायले कक्षाकोठालाई केवल भौतिक स्थानको रूपमा मात्र स्वीकार नगरी सञ्चारले बनाएको एक 'सिकाइ वातावरण' को रूपमा ग्रहण गरेको छ । यस पाठले सञ्चारका विविध आयामहरूलाई रोचक उदाहरण सहित व्याख्या गरेको छ । शिक्षकले कक्षाकोठामा गर्ने सञ्चारले विद्यार्थीको सिकाइमा कसरी प्रभाव पार्छ भन्ने कुरा मिहिन ढङ्गले लेखिएको छ । जस्तै शिक्षकले 'तिमीहरू किन कक्षामा ध्यान दिँदैनौ ?' भन्ने आरोपी भाषा प्रयोग गर्दा विद्यार्थी तुरुन्तै रक्षात्मक बन्छन् । तर शिक्षकले यस वाक्यको सट्टा 'हामी कसरी यो गतिविधिलाई अझ राम्रो बनाउन सक्छौं ?' भन्ने वर्णनात्मक र सहयोगी भाषा प्रयोग गर्दा विद्यार्थीहरू उत्साहित भएर सिकाइ क्रियाकलापमा सहभागी हुन्छन् । सिकाइलाई खुला, सुरक्षित र संवादमैत्री बनाउन चाहने शिक्षकका लागि यो अध्याय अत्यन्त प्रेरणादायी छ ।

चौथो अध्यायले कक्षामा देखिने शिक्षक र विद्यार्थीको व्यवहार तथा सञ्चारमा आउने सामान्य समस्याहरूलाई गहिरो रूपमा विश्लेषण गरेको छ । शिक्षकको 'इमेज र शैली' ले विद्यार्थीहरूमा दूरी र डर सिर्जना गर्छ, जुन सिकाइका लागि बाधक हुन्छ । शिक्षकको 'माइन्डसेट' कति महत्त्वपूर्ण छ भन्ने कुरालाई पनि यस पाठमा जोड दिइएको छ ।

उदाहरणका लागि शिक्षकको 'विद्यार्थीले सिक्दैनन्' भन्ने स्थिर सोचले कक्षालाई निरुत्साहित बनाउँछ, जबकि शिक्षकको 'उनीहरूले सिक्न सक्छन्' भन्ने विकासशील सोचले सम्पूर्ण सिकाइ वातावरण परिवर्तन गर्छ । शिक्षकको सञ्चार व्यवहारले विद्यार्थीको आत्मविश्वास र सहभागितामा गहिरो प्रभाव पार्छ । यही वास्तविकतालाई यो अध्यायले विस्तृत रूपमा विश्लेषण गरेको छ जुन शिक्षकका लागि अत्यन्त उपयोगी सामग्री बनेको छ । यो अध्याय शिक्षकलाई आफ्नै व्यवहार, आवाज, धारणा र दैनिक सञ्चारलाई पुनर्विचार गर्न चेतनशील बनाउने अत्यन्त उपयोगी स्रोतको रूपमा रहेको छ ।

पाँचौं अध्यायले कक्षामा हुने सञ्चारलाई समाजशास्त्रीय चस्माबाट हेर्न, बुझ्न र व्यवहारमा प्रयोग गर्न सिकाउँछ । कक्षा वास्तवमा एउटा 'सानो समाज' जहाँ विद्यार्थीको 'घर, परिवार, भाषा, बानी-व्यवहार र सोच' मिलेर एउटा सामाजिक नाटक मञ्चन भइरहेको हुन्छ । भाषिक, सांस्कृतिक विविधताले भरिएको नेपाली समाजमा रहेका विद्यालयमा शिक्षण गर्ने शिक्षकले सञ्चार समाजशास्त्रलाई बुझ्न जरुरी छ ।

सञ्चारमा शिक्षकले आफ्नो शक्ति विवेकपूर्वक प्रयोग गरेनन् भने विद्यार्थीको सिकाइ कमजोर हुन्छ । शिक्षकले आफ्ना विद्यार्थीहरूलाई 'कसरी बुझ्ने' मात्र होइन, 'किन बुझ्न जरुरी छ' भन्ने थाहा पाउन शिक्षकका लागि यो पाठ निकै उपयोगी सामग्री हुन सक्छ ।

कक्षाकोठामा सिकाइलाई जीवन्त, साझा र व्यवस्थित पहलका रूपमा परिणत गर्न चाहने शिक्षकका लागि छैटौं अध्याय अत्यन्त उपयोगी, पढ्नैपर्ने सामाग्री बनेको छ । शिक्षकको स्पष्ट व्याख्याले विद्यार्थीको समझ निर्माण गर्छ ।

कीर्तिमानी आरोही निर्मल पुर्जाको निधन

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १६ साउन

कीर्तिमानी आरोही निर्मल पुर्जा (निम्स दाइ)को निधन भएको छ ।

पाकिस्तानको ब्रोड पिक आरोहणका क्रममा हिमपहिरोमा हराइरहेका पुर्जाको निधन भएको उनको कम्पनी इलाइट एक्सपेडले जनाएको छ । कम्पनीले सामाजिक सञ्जालमार्फत पुर्जाको निधन भएको जानकारी दिएको हो ।

उनीसहित १० जना आरोही ब्रोड पिक हिमाल आरोहणका क्रममा हिमपहिरोमा परेर हराएका थिए । उनीहरूको खोजी गर्न राष्ट्रिय स्वतन्त्र पार्टी



(रास्वपा)का सांसद एवं पुर्जाका व्यवसायिक साझेदार निग्मा डेभिड शेर्पा शुक्रबार पाकिस्तान गएका थिए ।

शेर्पाले पनि सामाजिक सञ्जालमार्फत पुर्जाको निधन भएको जनाएका छन् । इलाइट एक्सपेडले सेयर गरेकै सूचना उनले पनि सामाजिक सञ्जाल इन्स्टाग्राममार्फत सेयर गरेका छन् ।

बिहीबार ब्रोड पिक आरोहणका क्रममा पुर्जासहित १० जना हराएका थिए । उनीहरूमध्ये चार जनाको शव शुक्रबार भेटिएको थियो ।

शुक्रबार नेपालका पुरबहादुर गुरुङ, ओमानकी नाधिरा अहमद अब्दुल्लाह अल हार्थी र अमेरिकी नागरिक म्यालोरी गाइसको शव भेटिएको थियो ।

हिमपहिरोमा हराएका १० सदस्यीय टोलीमा ६ जना नेपाली, एक पाकिस्तानी, एक ओमानी, एक अमेरिकी र एक चिनियाँ पर्वतारोही थिए । नेपाली टोलीमा निर्मल पुर्जा, पुरबहादुर गुरुङ, किली पेम्बा शेर्पा, निमा शेर्पा, नावाङ थिन्दु शेर्पा र ग्यालु शेर्पा रहेका थिए ।

अन्य पर्वतारोहीमा ओमानकी नाधिरा अहमद अब्दुल्लाह अल हार्थी, पाकिस्तानका सोहेल साखी, चीनका वाङ झोङ र अमेरिकाकी म्यालोरी गाइस रहेका थिए ।

कथाकार बसन्ती शाहीका दुई कृति विमोचन

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १६ साउन

कवि तथा कथाकार बसन्तीकुमारी शाहीका दुई कृति सार्वजनिक भएका छन् । कर्णाली प्रदेश लोकसेवा आयोगका कार्यवाहक अध्यक्षसमेत रहेकी शाहीद्वारा लिखित कविता संग्रह 'यादका थुँगाहरू' र कथा संग्रह 'आमा र आँसु' कृतिलाई कर्णाली प्रदेशका प्रदेश प्रमुख यज्ञराज जोशीले शनिबार वीरेन्द्रनगरमा आयोजित लोकार्पण समारोहमा विमोचन गरेका हुन् ।

शाहीद्वारा लिखित कविता संग्रह 'यादका थुँगाहरू'मा



एक सय ४२ कविता संग्रहित छन् भने 'आमा र आँसु' कथा संग्रहमा १४ वटा कथा समेटिएका छन् ।

शाहीद्वारा लिखित दुवै कृतिमाथि 'स्वस्पर्श' का लेखक डाक्टर नवराज केसी, साहित्यकार महेशविक्रम शाह र पत्रकार ज्योति कटुवालले चर्चा गरेका थिए ।

अब...

व्यावहारिक रूपमा कार्यान्वयनमा ल्याउने देशकै पहिलो प्रदेशका रूपमा कर्णाली प्रदेश अगाडि बढेको हो । दुई निकायबिच भएको सम्झौता अनुसार पहिलो चरणमा कर्णाली प्रदेशका प्रमुख तीन स्थानमा रहेका यातायात कार्यालयहरूबाट यो सेवा सञ्चालनमा ल्याइनेछ । यातायात व्यवस्था कार्यालय सुर्खेत, यातायात व्यवस्था सेवा कार्यालय जुम्ला र यातायात व्यवस्था सेवा कार्यालय, रुकुम (पश्चिम भाग) चौरजहारी रहेका छन् । यी तीनवटा मुख्य केन्द्रहरूबाट सुरु गरिएको यो सेवालाई आगामी दिनहरूमा कर्णालीका अन्य बाँकी जिल्लाहरूमा पनि क्रमशः विस्तार गर्दै लैजाने मन्त्रालयको योजना रहेको छ ।

सेवा शुल्क र आर्थिक भारमा भारी कटौती

घरदैलोमा सेवा प्रवाह गर्दा विपन्न तथा दूरदराजका नागरिकलाई कुनै ठुलो आर्थिक भार नपर्ने गरी अत्यन्तै न्यूनतम दरेट तय गरिएको छ । हुलाक निर्देशनालय सुर्खेत, जिल्ला हुलाक कार्यालय जुम्ला र रुकुम (पश्चिम भाग) ले तौल बमोजिम हुन आउने मात्र ४० रुपैयाँ (चालीस रुपैयाँ) को हुलाक टिकट टाँस गरी सोही अनुसारको न्यूनतम हुलाक महसुल लिई लाइसेन्स वितरण गर्नेछन् हुलाक महसुल बापत सेवाग्राहीबाट सङ्कलन गरिएको रकम भोलिपल्टै सरकारी राजस्व खातामा दाखिला गरिनेछ ।

जग्गा किन्न नसक्दा गाउँपालिका नौ वर्षदेखि भाडाका घरमा

काँक्रेविहार संवाददाता

हुम्ला, १६ साउन

स्थापनादेखि सदरमुकाम समेत रहेको सिमकोट गाउँपालिकाको कार्यालय भवन अभावमा नौ वर्षदेखि भाडाका घरमा सञ्चालन हुँदै आएको छ। आफ्नै आन्तरिक स्रोतबाट आम्दानी भएको बजेटबाट गाउँपालिकाको नाममा जग्गा खरिद गर्ने योजना बनाए पनि हालसम्म जग्गा किन्न नसक्दा भाडामै बस्नुपरेको हो।

आफ्नो नाममा जग्गा खरिद गर्न नसकेपछि भवन निर्माणका लागि स्रोत जुटाउन नसकिएको र सोही कारण नौ वर्षदेखि भाडाका घरमा कार्यालय सञ्चालन भइरहेको सिमकोट गाउँपालिकाका लेखा अधिकृत विशाल बोहराले बताए।

२०७४ सालमा निर्वाचित जनप्रतिनिधिहरूले सिमकोट गाउँपालिका-६ स्थित होटेल विजयको पछाडिपट्टि नौ सय वर्गमिटरभन्दा बढी जग्गा खरिद गरेका थियो। तर सो जग्गामा मात्र गाउँपालिकाले आफ्नो प्रशासनिक भवन निर्माण गर्न सक्ने कानुनी प्रावधान नभएकाले



त्यतिबेला भवन निर्माण कार्य अघि बढ्न सकेको थिएन।

२०७९ सालमा निर्वाचित जनप्रतिनिधिहरूबिच मतभेद हुँदा पहिलेकै जग्गा भएको स्थानमा थप जग्गा खरिद गर्न आनाकानी भइरहेकाले हालसम्म जग्गा खरिद कार्य अघि नबढेको उनले बताए। गाउँपालिकालाई प्रशासनिक भवन निर्माणका लागि दुई हजार आठ सय वर्गमिटर क्षेत्रफलको जग्गा आवश्यक पर्छ। यो जग्गाको व्यवस्था गाउँपालिकाले गरेपछि सङ्घीय सरकारबाट लागत साझेदारीमा भवन निर्माणका लागि बजेटको व्यवस्था हुन सक्ने अवस्था रहेको छ।

जनप्रतिनिधिहरूको सामूहिक समर्थन जुट्न नसक्दा जग्गा खरिद कार्य अघि बढ्न नसकेको हो। पहिलेकै स्थानबाहेक अन्य दुई-तीन स्थानमा जग्गा खरिद गर्ने प्रयास गरिए पनि जनप्रतिनिधिहरूबिच सहमति हुन सकेको छैन।

गाउँपालिकाको जग्गा खरिदका लागि हालका जनप्रतिनिधिहरूले आफ्नो कार्यकालको पहिलो आवमै आन्तरिक राजस्वबाट असुली भएको रकमबाट एक करोड रुपियाँ बजेट विनियोजन गरिसकेका छन्। सो रकम हाल पनि गाउँपालिकाकै खातामा छ।

अब गाउँपालिकाले आफ्नो नाममा जग्गा खरिदका लागि मन्त्रालयबाट सैद्धान्तिक सहमति प्राप्त गरिसकेको र जिल्ला स्तरमा गर्नुपर्ने काम बाँकी रहेको गाउँपालिकाका अध्यक्ष विजय भण्डारीले बताए। जनप्रतिनिधिहरूबिच सहमति हुन नसकेकै कारण हालसम्म जग्गा खरिद हुन नसकेको र त्यसको असर भवन निर्माणमा परेको उनको भनाइ छ।

हालसम्म आफ्नै भवन नहुँदा कार्यालय सञ्चालनका लागि पाँच वटा घर भाडामा लिएर मासिक ८० हजार रुपियाँभन्दा बढी भाडा तिर्नुपरेको लेखा शाखाले जनाएको छ। एकातिर भवन नभएको पालिका भनेर अपजस सहनुपरेको र अर्कोतर्फ दोहोरो आर्थिक भार बेहोर्नुपर्दा मार परेको अध्यक्ष भण्डारीले बताए।

हुम्लाका सात वटा स्थानीय तहमध्ये नाम्खा, खार्पुनाथ, सर्केगाड, अदानचुली र ताँजाकोट आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन् भने चंखेली गाउँपालिका पनि भाडाकै घरमा सञ्चालन हुँदै आएको छ।

सुरक्षा सतर्कता बढाउन मुख्यमन्त्री शाहको निर्देशन

काँक्रेविहार संवाददाता

धनगढी, १६ साउन

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सुनसरीको कप्तानगञ्जमा भएको दुई समूहबीचको झडपपछि उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै प्रदेशका सीमा क्षेत्रमा सुरक्षा सतर्कता बढाउन निर्देशन दिएका छन्।

मुख्यमन्त्री शाहले जारी गरेको अपिलमा खुला सीमाका कारण हुनसक्ने सम्भावित घुसपैठ तथा अवाञ्छित गतिविधि रोक्न सुदूरपश्चिमका सीमा क्षेत्रमा विशेष निगरानी बढाउन सबै सुरक्षा निकायलाई निर्देशन दिइएको उल्लेख छ। प्रदेशका सबै जिल्ला तहका प्रशासन तथा सुरक्षा निकायलाई समेत पूर्ण पूर्वसतर्कता अपनाउँदै सुरक्षा व्यवस्था चुस्त राख्न निर्देशन दिइएको उनले बताएका छन्। सुनसरीको कप्तानगञ्जमा भएको झडप र त्यसबाट सिर्जित परिस्थितिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै मुख्यमन्त्री शाहले घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेका छन्। उनले घटनामा घाइते भएका सर्वसाधारण



तथा सुरक्षाकर्मीको शीघ्र स्वास्थ्यलाभको कामनासमेत गरेका छन्।मुख्यमन्त्री शाहले नेपाल बहुजातीय, बहुभाषिक र बहुधार्मिक विशेषता बोकेको मुलुक भएकाले सामाजिक सहिष्णुता, भाइचारा र सद्भाव कायम राख्नु सबैको साझा जिम्मेवारी भएको बताएका छन्। उनले कुनै पनि बहानामा हुने हिंसा, आपसी द्वेष र अराजकताले कसैको हित नगर्ने भन्दै सामाजिक, सांस्कृतिक तथा धार्मिक उत्सवहरू मनाउँदा अरूको भावना र शान्तिमा असर नपर्ने गरी मर्यादित रूपमा मनाउन आग्रह गरेका छन्। सामाजिक सञ्जालमार्फत अफवाह, घृणास्पद अभिव्यक्ति तथा भ्रामक सामग्री फैलाएर सामाजिक वैमनस्यता सिर्जना नगर्न पनि उनले अपिल गरेका छन्। सार्वजनिक अफवाह फैलाउने तथा गलत सूचना सम्प्रेषण गरी समाजमा उत्तेजना, घृणा र वैमनस्यता फैलाउने जोसुकैलाई कानुनी दायरामा ल्याइने उनले स्पष्ट पारेका छन्। 'कानुन हातमा लिने, सद्भाव भङ्काउने र समाजमा अराजकता फैलाउने तत्वहरूलाई कानुनी दायरामा ल्याउन राज्यका निकायहरू सक्षम रूपमा जुट्नुपर्छ,' मुख्यमन्त्री शाहले अपिलमा भनेका छन्।

उनले संकटको यस घडीमा नागरिक तथा सरोकारवाला निकायलाई संयम र धैर्यता अपनाउँदै सामाजिक सुरक्षा कायम गर्न स्थानीय तह तथा प्रशासनलाई सहयोग गर्न आग्रह गरेका छन्। साथै, आमसञ्चार माध्यमलाई सामाजिक सद्भावमा आँच आउने खालका सामग्री प्रसारण नगरी सत्य, तथ्य र वस्तुनिष्ठ समाचार मात्र सम्प्रेषण गर्न आग्रह गरेका छन्। मुख्यमन्त्री शाहले मनसुन तथा वर्षायामका कारण हुनसक्ने बाढी, पहिरो र डुबानजस्ता विपद्को सामना गर्न प्रदेश सरकार पूर्ण तयारी अवस्थामा रहेको पनि बताएका छन्।

विपद् पूर्वतयारी, खोज तथा उद्धार, तत्काल राहत वितरण र पुनःस्थापनाका लागि प्रदेश, जिल्ला र स्थानीय तहका सबै संयन्त्रलाई तयारी अवस्थामा राखिएको उनले जानकारी दिएका छन्। सम्भावित विपद् जोखिमयुक्त क्षेत्रका बासिन्दालाई पनि पूर्वसतर्कता अपनाउन तथा विगतका अनुभवलाई ध्यानमा राख्दै स्थानीय सरकार र प्रशासनसँग सम्पर्क तथा समन्वयमा रहन मुख्यमन्त्री शाहले आग्रह गरेका छन्।

८० हजार बङ्गाली र भारतीय सुनचाँदी कारिगढलाई रोजगारी

काँक्रेविहार संवाददाता

रूपन्देही, १६ साउन

नेपालमा ८० हजार बङ्गलादेशी र केही भारतीय सुनचाँदी कारिगढले रोजगारी पाइरहँदा नेपालीहरुले भने निकै कम रहेका छन्। डिजाइनमा पोख्त र रातभर बसेर चाहेको बेला सबै काम गर्नसक्ने भएकाले उनीहरुलाई व्यवसायीले बढी रुचाएका छन्।

यसरी बाहिरबाट आएका यहाँ मिहिनेत गर्नेहरुले राम्रै कमाइ गरिरहेका भए पनि नेपालीहरुले यसमा धेरै रुचि देखाएका छैनन्। नेपाली युवाले सिक्दै नखोजेको यो क्षेत्रका व्यवसायीको गुनासो रहेको छ। 'हामीले औपचारिक तथ्याङ्क त सबै जिल्लाबाट लिन सकेका छैनौं। तर, ८० हजारभन्दा माथि नै बङ्गाली र केही भारतीय कारिगढ रहेको प्रारम्भिक सूचना राखेका छौं', नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष अर्जुन रसाइलीले भने।

उनका अनुसार नेपालीहरु यहाँभन्दा कम आम्दानी हुने खाडी मुलुकमा जान मरिहत्ते गर्ने तर नेपालमा सीप सिक्नै नखोज्ने



भएकाले समस्या परेको हो। 'व्यवसायीहरुलाई सकेसम्म नेपाली कारिगढलाई नै रोजगारी दिऔं भन्नेहुन्छ नि तर समयमा काम नगर्ने, यहाँको काममा रुचि नै नदेखाउने, खाडीतिरै भए पनि यहाँभन्दा थोरै तलबमा भए पनि जान खोज्ने परिपाटीले यस्तो अवस्था आएको हो', उनले भने, 'नेपाली युवाहरुलाई स्वदेशमा नै आर्कषण गर्ने गरी तालिम र स्वरोजगार बनाउने योजना बनाएका छौं। यो संख्यामा केही न केही कमी आउने छ।'

उनका अनुसार बङ्गाली कारिगढहरु सुविधासम्पन्न बजारदेखि ग्रामीण क्षेत्रमा रहेका व्यवसायीहरुलाई समेत सेवा दिएर राम्रै आम्दानी गरिरहेका छन्।

अध्यक्ष रसाइलीले अब सबै व्यवसायीलाई सहज हुनेगरी गोल्डबैंकको परिकल्पना अघि सारिएको बताए। 'अहिले सुन किन्न र बेच्न समस्या छ, व्यवसायीलाई सहजताका लागि किन्ने र बेच्ने एकै ठाउँमा राख्न गोल्ड बैंकको योजना अघि सारेका छौं', उनले भने।

सुन बजारमा बिक्रीका लागि धेरै आएको बताउँदै अब व्यवसायीहरुले अब सुन कहाँ बेच्ने भन्ने ब्यवस्थापनको कुरा राष्ट्र बैंकमा उठाइरहेको रसाइलीले बताए।

अन्तर्राष्ट्रिय बजारमा भएको अभ्यासलाई नेपालमा पनि लागू गर्न जरुरी रहेको बताउँदै उनले उत्पादन कम्पनी खडा गरेर गोल्ड बैंक अवधारण ल्याउन लागेको बताए।

राज्यले बिलासिता कर हटाएर सीप प्रवर्धन शुल्कको नाममा ०.५ प्रतिशत करलाई सकारात्मक रुपमा लिएको र व्यवसायीहरुलाई ट्याकिङ गर्ने गरी सरकारबाट ल्याएको कर मान्न तयार भएको उनले बताए।

अर्कोतर्फ भारतमा १५ प्रतिशत भन्सार शुल्क हुँदा नेपालमा भने २० प्रतिशत लिँइदा यसले उपभोक्तालाई नै मार पर्ने बताउँदै यो समायोजन गर्न सरकारलाई आग्रह गरेको उनले बताए। सुनको व्यापार अहिले न्यून रहेको भन्दै पहिले राष्ट्रबैंकले दैनिक २५ किलो सुन दैनिक आयात गरेकोमा अहिले ५ देखि ७ किलोभन्दा बढी आयात नभएको उनले बताए।

रास्वपाले अन्तर्राष्ट्रिय युवा दिवस विभिन्न कार्यक्रमसहित देशभर मनाउने

काँक्रेविहार संवाददाता

काठमाडौं, १६ साउन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अन्तर्राष्ट्रिय युवा दिवस विभिन्न कार्यक्रमसहित देशभर मनाउने निर्णय गरेको छ। पार्टीको १३ साउनमा बसेको केन्द्रीय समिति बैठकले केन्द्रीय सदस्य तथा पूर्वमहामन्त्री कवीन्द्र बुर्लाकोटीलाई अन्तर्राष्ट्रिय युवा दिवस-२०८३ आयोजक समितिको संयोजक नियुक्त गर्ने निर्णय गरेको हो।

संयुक्त राष्ट्रसंघको घोषणाअनुसार सन् १९९९ देखि हरेक वर्ष १२ अगस्टमा अन्तर्राष्ट्रिय युवा दिवस मनाइँदै आएको छ।

आयोजक समितिमा केन्द्रीय सदस्य, सांसद तथा पार्टीका विभिन्न नेताहरूलाई सदस्यको जिम्मेवारी दिइएको छ। साथै, सातै प्रदेशका प्रदेश सभापतिहरू पदेन



सदस्य रहने व्यवस्था गरिएको पार्टीले जनाएको छ।

रास्वपाले पालिका, जिल्ला, प्रदेश र केन्द्रीय तहसम्म विभिन्न कार्यक्रम आयोजना गरी युवा दिवस मनाउने तयारी गरेको छ। यसैक्रममा १५ साउनमा बसेको आयोजक समितिको पहिलो बैठकले प्रदेश सभापतिहरूसँग समन्वय गर्ने, प्रदेशस्तरीय संयोजक तोक्ने तथा उपसमिति गठन गर्ने निर्णय गरेको छ।

युवा दिवसका अवसरमा 'संसदसम्म युवाको आवाज' अन्तरसंवाद कार्यक्रम, राष्ट्रव्यापी सरसफाइ अभियान, खेलकुद, रक्तदान, अन्तरसंवाद, विभिन्न समसामयिक विषयमा छलफल तथा नीति मन्थनलगायत कार्यक्रम आयोजना गर्ने विषयमा छलफल भएको आयोजक समितिले जनाएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

‘लक्की ड्र’ को लागि आन्तरिक राजस्व विभागले बनायो पोर्टल

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १६ साउन

आन्तरिक राजस्व विभागले वस्तु तथा सेवा खरिद-बिक्रीमा बीजक (बिल) लिने-दिने संस्कृतिको विकास गर्न ‘करदाता प्रोत्साहन उपहार कार्यक्रम’ सुरू गरेको छ।

व्यापारिक कारोबारलाई पारदर्शी बनाउन, वास्तविक कारोबार अभिलेखीकरणलाई प्रोत्साहन गर्न र उपभोक्तालाई खरिद गर्दा अनिवार्य रूपमा बिल लिन उत्प्रेरित गर्ने उद्देश्यले विभागले यो उपहार कार्यक्रम सञ्चालनमा ल्याएको हो।



विभागका अनुसार स्व-प्रयोजनका लागि नेपालभित्र एक पटकमा रु. १०० भन्दा बढी मूल्यको वस्तु तथा सेवा खरिद गरी नगद भुक्तानीमार्फत बिल लिएका सर्वसाधारण उपभोक्ताहरू यो कार्यक्रममा सहभागी हुन सक्नेछन्। योग्य उपभोक्ताहरूले साउन १ गतेदेखि पाएका खरिद बीजकको विवरण विभागको आधिकारिक पोर्टलमार्फत दर्ता गराउनुपर्नेछ।

उपहार कार्यक्रममा सहभागी हुनका लागि उपभोक्ताहरूले https://prize.ird.gov.np लिंकमा गई आफ्नो खरिद बीजक सम्बन्धी विवरण तोकिएको समयभित्रै प्रविष्ट गराउनुपर्नेछ।

नगद भुक्तानी गर्नेहरूले प्रणालीमा विवरण प्रविष्ट गर्नुपर्ने भए तापनि भुक्तानी सेवा प्रदायकमार्फत विद्युतीय भुक्तानी (क्यूआर कोड, मोबाइल बैंकिङ, कार्ड आदि) गरी साउन १ गतेदेखि गरिएको खरिद भने यस कार्यक्रममा स्वतः समावेश हुनेछ।

यस्ता डिजिटल भुक्तानीका खरिद बिलको विवरण छुट्टै प्रविष्ट गरिरहनु नपर्ने आन्तरिक राजस्व विभागले जनाएको छ।

वित्तीय हस्तान्तरणको बजेटमा कर्णाली सरकारको कडाइ-

प्रगति विवरण नबुझाए अनुदान रोक्का गर्ने चेतावनी

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १६ साउन

कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्षमा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत कर्णालीका ७९ वटा स्थानीय तहलाई ५ अर्ब भन्दा बढीको बजेट बाँडफाँट गरेको छ। उक्त रकमको दुरुपयोग रोक्न कडाइका साथ २८ बुँदे मार्गदर्शन जारी गरिएको छ। अर्थ मन्त्रालयले जारी गरेको उक्त निर्देशनमा स्थानीय तहमा वित्तीय हस्तान्तरणबाट सञ्चालन हुने आयोजना वा कार्यक्रमको वित्तीय तथा भौतिक प्रगति विवरण उपलब्ध नगराए अनुदान रोक्का गरिदिने चेतावनी दिइएको छ। ‘आयोजना वा कार्यक्रमको वित्तीय तथा भौतिक प्रगति विवरण अर्थ मन्त्रालयले माग गर्न सक्नेछ,’मार्गदर्शनमा भनिएको छ, ‘यसरी माग गरिएको विवरण पेस नगर्ने स्थानीय तहलाई उपलब्ध गराइने जुनसुकै अनुदान रकम रोक्का गरिनेछ।’



यसअघि प्रदेशले स्थानीय तहमा दिइएको बजेटमाथि खासै निगरानी गर्ने गरिएको थिएन। जसले गर्दा स्थानीय तहमा बजेटको दुरुपयोग भइरहने गुनासा आइरहन्छन्। प्रदेशको उक्त निर्देशनले स्थानीय तहमा गएको बजेटको सही सदुपयोग हुने अपेक्षा गरिएको छ।

यस्तै, प्रदेश सरकारबाट तहाँ स्थानीय तहको लागि हस्तान्तरण गरिएको सशर्त, समपूरक र विशेष अनुदानको रकम अन्यत्र खर्च नगर्न भनिएको छ।

‘जुन आयोजना वा कार्यक्रमको लागि हस्तान्तरण भएको हो सोही आयोजना वा कार्यक्रममा खर्च गर्नु,’ स्थानीय तहलाई सम्बोधन गरिएको पत्रमा भनिएको छ।

पत्रमा स्थानीय तहबाट सङ्कलन हुने मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क तथा प्राकृतिक स्रोतको सङ्कलन बापतको रकम बाँडफाँट गरी प्रदेश सञ्चित कोषमा दाखिला नगरेमा स्थानीय तहलाई दिइने वित्तीय समानीकरण अनुदानको रकमबाट कट्टा गरिने पनि भनिएको छ।

मन्त्रालयले विभिन्न अनुदानबाट सञ्चालन हुने आयोजना वा कार्यक्रमको हकमा चालु आर्थिक वर्षको हस्तान्तरित बजेटको सीमाभित्र रहेर मात्र कार्यान्वयन गर्न स्पष्ट निर्देशन गरेको छ।

यदि कुनै कारणबस त्यस्ता आयोजना समयमै सम्पन्न हुन नसकेमा स्थानीय तहबाट नै स्रोत व्यवस्थापन गर्न निर्देशित गरिएको छ।

प्रदेश सरकारले वित्तीय हस्तान्तरण भएका आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा खुला बोलपत्र मार्फत गरिने खरिद प्रक्रियालाई प्राथमिकता दिनु भनेको छ।

साथै, सशर्त अनुदान अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमको भौतिक र वित्तीय प्रगति विवरण विषयगत मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक/इकाई कार्यालयमा त्रैमासिक रूपमा पठाउन पनि उर्दी गरिएको छ।

वित्तीय अनुशासन अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ को आम्दानी र खर्चको प्रतिवेदन यही महिनाको मसान्तभित्र पठाउन भनिएको छ। ‘यदि यस्तो प्रतिवेदन प्राप्त नभए चालु वर्षको राजस्व बाँडफाँट र अनुदान बापतको रकम हस्तान्तरण हुने छैन,’मार्गदर्शनमा भनिएको छ।

राहदानी विभाग दुई सिफ्टमा, बिदाको दिन पनि सेवा

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १६ साउन

सेवाग्राहीको बढ्दो चापलाई व्यवस्थापन गर्न राहदानी विभागले दुई ‘सिफ्ट’का साथै बिदाका दिन पनि सेवा सञ्चालन गरेको छ। त्रिपुरेश्वरथित विभागमा शनिबार पनि सेवा प्रवाह भइरहेको जनाइएको छ।

विभागमा यही साउन १४ गते देखि दुई सिफ्टमा सेवा दिँदै दैनिक एक हजार ५०० आवेदन फाराम खुलाइएको छ।

कोरियाको रोजगार अनुमति प्रणाली (इपिएस) का लागि आवेदन दिएका नेपाली सेवाग्राहीलाई सहजता प्रदान गर्न विभागले विद्युतीय राहदानीसम्बन्धी सेवा साउन १४ गतेदेखि २२ गतेसम्म दुई सिफ्टमा सञ्चालन गरिएको विभागले जनाएको छ।

सो अवधिमा पहिलो सिफ्ट बिहान ७:०० बजेदेखि दिउँसो २:०० बजेसम्म र दोस्रो सिफ्ट दिउँसो २:०० बजेदेखि बेलुकी ९:०० बजेसम्म सञ्चालन हुनेछ। सार्वजनिक बिदाका दिन शनिबार र आइतबारसमेत बिहान १० :०० बजेदेखि बेलुकी ४:०० बजेसम्म विभागबाट सेवा प्रवाह हुनेछ।

पञ्चपुरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाबियाचौर, सुर्खेत कर्णाली प्रदेश, नेपाल

अत्यन्त जरूरी अपिल

आदरणीय नगरवासी दिदीबहिनी तथा दाजुभाइहरू,

वर्षादको समयमा खोला-नालामा बाढी आउने, पहाडी क्षेत्रमा पहिरो खस्ने जस्ता प्राकृतिक विपद्का साथै लामखुट्टेको वंशवृद्धि भई डेङ्गु लगायतका कीटजन्य तथा जलजन्य रोगहरू तीव्र रूपमा फैलने जोखिम बढेको छ। यस्तो प्रतिकूल मौसमको समयमा सम्भावित धनजनको क्षति न्यूनीकरण गर्न र नगरवासीहरूको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न पञ्चपुरी नगरपालिका निम्नअनुसार सावधानी अपनाउन हार्दिक अनुरोध गर्दछ।

बाढी तथा पहिरोबाट जोगिन अपनाउनुपर्ने सावधानीहरू

- बाढीको समयमा खोला, नदी, र अप्ठ्यारा जोखिमपूर्ण स्थानहरूमा जाने, माछा मार्ने, काठ सङ्कलन गर्ने वा पौडी खेल्ने काम नगर्नौं।
- घरको नजिक वा माथिपट्टि पहिरो खस्न सक्ने, जमिन भासिन सक्ने वा भित्तो चर्किएको ठाउँ भए विशेष सावधानी अपनाऔं। जोखिम बढेमा सुरक्षित स्थानमा सरौं।
- खोलानाला तर्दा वा भेल बाटो काट्दा पूर्ण सुरक्षाको ध्यान दिऔं। भेल बढेको बेला जबर्जस्ती खोला तर्ने प्रयास नगर्नौं।
- जोखिमपूर्ण मौसममा घरबाहिर अनावश्यक हिँडडुल तथा लामो दूरीको यात्रा नगर्नौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला र अपाङ्गता भएका व्यक्तिहरूलाई सुरक्षित स्थानमा राख्न र उहाँहरूको हेरचाहमा पहिलो प्राथमिकता दिऔं।

डेङ्गु रोगबाट बच्ने विशेष उपायहरू

- बर्खाको समयमा ठाउँ-ठाउँमा पानी जम्ने भएकाले डेङ्गु सार्ने 'एडिज एजिप्टी' जातको लामखुट्टेको जोखिम अत्यधिक हुन्छ। डेङ्गुबाट बच्न “खोज र नष्ट गर“ अभियानमा सहभागी बनौं।
- पानी जम्न नदिऔं। घर, आँगन, कौसी, पुराना टायर, गमला, बोतल, प्लास्टिकका भाँडा, ड्रम, कुलर र ट्याङ्कीमा लामो समयसम्म पानी जम्मा हुन नदिऔं। हप्तामा कम्तीमा एक पटक यस्ता भाँडाहरू सफा गरी सुक्का राखौं।
- झुलको अनिवार्य प्रयोग : दिउँसो वा राति सुत्दा अनिवार्य रूपमा झुलको प्रयोग गरौं। डेËु सार्ने लामखुट्टेले विशेष गरी दिउँसोको समयमा टोक्ने भएकाले दिउँसो झुने सतर्क रहौं।
- शरीरका सबै भाग ढाकिने गरी लामो बाहुला भएको लुगा लगाऔं।
- लामखुट्टेको टोकाइबाट बच्न धुप वा 'मोस्किटो रिपेलेन्ट' (क्रीम) प्रयोग गरौं।

विशेष सूचना : माथि उल्लेखित लक्षणहरू देखिएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्थामा गई परीक्षण गराऔं। स्वास्थ्यकर्मीको सल्लाहबिना जथाभावी 'पेनाडोल' वा 'प्यारासिटामोल' बाहेक अन्य (जस्तै फ्लेक्सोन, ब्रुफिन आदि) औषधिहरू प्रयोग नगर्नौं।

सरसफाइ तथा अन्य स्वास्थ्य सावधानीहरू

- बर्खाको समयमा खानेपानीका मुहानहरू दूषित हुने सम्भावना बढी हुने भएकाले खानेपानी सधैं राम्ररी उबालेर वा छानेर मात्र पिउने गर्नौं।
- बासी, सडेगलेको वा झिँगा भनभनाएको खाना नखाऔं। सागपात र फलफूल राम्ररी पखालेर मात्र प्रयोग गर्नौं।
- खाना खानुअघि र शौचालयको प्रयोगपछि साबुनपानीले मिचीमिची हात धुने बानी बसालाऔं।

विद्युतीय तथा भौतिक सुरक्षा

- बाढी वा हावाहुरीका कारण बिजुलीका तार वा खम्बाहरू लड्न सक्ने भएकाले नाङ्गो तार वा विद्युतीय खम्बाको नजिक नजाऔं।
- घरको छत तथा ढलबाट पानी निकास हुने बाटो खुला र सफा राखौं।

पूर्वतयारी तथा आपतकालीन व्यवस्थापन

- आपतकालीन अवस्थाका लागि आवश्यक प्राथमिक उपचार सामग्री (औषधि, ब्यान्डेज), टर्चलाइट, रेडियो, ड्राई फुड (सुक्का खानेकुरा), पिउने पानी, महत्त्वपूर्ण कागजातहरू र थप लुगाकपडा एउटा सुरक्षित झोलामा तयार राखौं।
- सत्य सूचना मात्र आदान-प्रदान गर्नौं। स्थानीय पत्रपत्रिका, रेडियो, टेलिभिजन वा आधिकारिक माध्यमबाट आउने मौसम र विपद् सम्बन्धी जानकारी नियमित रूपमा सुनौं। अफवाहको पछि नलागौं।
- आफ्नो छरछिमेकमा कोही घाइते, बिरामी वा विपद्मा फसेका भए प्रहरी, स्थानीय प्रशासन वा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त खबर गरी सहयोग गर्नौं।

विपद् र रोगव्याधी बाजा बजाएर आउँदैन, सजग र पूर्वतयारी बनौं, आफू पनि बचौं र अरूलाई पनि बचाऔं।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)